# अब लगानीको वातावरण बन्नेमा निजी क्षेत्र आशावादी

चितवन, फागुन ३० । निरन्तर सरकार परिवर्तन भएर अस्थिरता हुँदा निराश बनेको निजी क्षेत्र अब बन्ने स्थिर सरकारबाट आशावादी बनेको छ । विगत लामो समयदेखि एउटै पार्टीको बहुमत नहुनु र भएपनि बिचमा नै सरकार परिवर्तन हुनु जस्ता समस्याले निजी क्षेत्र हतोत्साहित हुँदै आएको छ ।

लगानीको वातावरण बन्न नसक्दा बैंकहरुमा निक्षेप (तरलता) थुप्रिएर बसेको छ । बैंक व्याज पनि न्यून छ यद्यपि लगानी गर्न निजी क्षेत्र सकारात्मक देखिएको छैन । जेनजी आन्दोलनसँगै निर्वाचन सम्पन्न भएर एउटा पार्टीलाई झण्डै दुई तिहाइ मत पाउँदै गर्दा अब बन्ने सरकार स्थिर हुने र लगानीको वातावरण बन्नेमा निजी क्षेत्र ढुक्क छ ।

उद्योग वाणिज्य महासंघ चितवनका पूर्व अध्यक्ष राजन गौतम अबका दिन निजी क्षेत्र मैत्री बन्नेमा ढुक्क छन् । उनले भने,'स्थिर सरकारको निश्चिततासँगै शेयर बजारले निजी क्षेत्रलाई ढुक्क हुने अवस्था देखाएको छ ।'

नीतिगत समस्याहरु समाधान गरेर लगानीको वातावरण सिर्जना गरी रोजगारी सिर्जना गर्नुपर्ने अब बन्ने सरकारको मुख्य दायित्व हुने बताए । बागमती प्रदेशका पूर्वउपाध्यक्ष गौतमले भने,'निर्वाचनको बेला युवाहरुलाई आकर्षित गरिएको छ, उनीहरुलाई रोजगारी दिन पनि निजी क्षेत्रमैत्री सरकार बन्नै पर्छ ।' लगानीमा सोच्नुपर्ने अवस्थाको अन्त्य हुनेमा उनी विश्वस्त छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सभापति रवि लामिछाने उम्मेदवार रहेको चितवन क्षेत्र नं. २ मा लामिछानेका निर्वाचन प्रमुखसमेत रहेका गौतम रास्वपाले निर्वाचनको बेला जारी गरेको वाचापत्रमा नै निजी क्षेत्र मैत्री नीति लिने उल्लेख गरेको जनाउँदै अब लगानीको वातावरण बन्नेमा ढुक्क छन् । स्थायी सरकार हुँदै गर्दा प्रत्यक्ष रुपमा पर्यटन व्यवसाय फस्टाउने व्यवसायीहरुको तर्क छ । देशमा अशान्ति हुँदै गर्दा भ्रमण नजान विभिन्न देशले 'ट्राभल एड्भाइजरी' जारी गर्ने गरेको भन्दै उनले अब त्यस्तो अवस्था नआउनेमा विश्वास व्यक्त गरे । वार्षिक १०-११ लाख पर्यटक नेपाल आउने गरेको भन्दै यो संख्या २० लाख पुऱ्याएर पर्यटनलाई मुख्य स्रोत बनाउनु पर्ने उनको भनाइ छ ।

पर्यटन क्षेत्र फस्टाएसँगै देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव हुने भन्दै नीतिगत रुपमा परेका अप्ठ्याराहरु हटाएर सहजीकरण गर्न उनले सुझाव दिए ।

उद्योग वाणिज्य महासंघका मानार्थ केन्द्रीय सदस्य राजु श्रेष्ठ स्थायी सरकार बन्ने भएसँगै उत्साहित बनेको बताउँछन् । बहुमत पुऱ्याउन नसक्दा विभिन्न दलहरु मिलेर सरकार बन्ने र बिचमै परिवर्तन हुने हुँदा निराश बनेका व्यवसायीहरु अब आशावादी बनेको उनले बताए ।

निर्वाचनको परिणाम आएसँगै शेयर बजारमा देखिएको उत्साहले पनि निजी क्षेत्रलाई सकारात्मक सन्देश दिएको उनले बताए । बैंकबाट १६ प्रतिशत व्याजमा ऋण लिएर लगानी गरेका व्यवसायीहरु अहिले ६ प्रतिशतमा झर्दा समेत लगानी गर्न नसकेको अवस्थामा अब बन्ने सरकारले लगानीको वातावरण बनाउने उनी बताउँछन् ।

स्वदेशी उत्पादनलाई प्रवर्द्धन गरेर आयात घटाउन अरबौं लगानी गरेका औषधी उत्पादकहरु पनि अब बन्ने सरकारबाट आशावादी छन् । नेपाल औषधी उत्पादक संघ (एपोन) का पूर्व अध्यक्ष जीनारायणबहादुर क्षेत्री स्थिर सरकार बनेसँगै लगानीको वातावरण बन्ने बताउँछन् । स्वदेशमा लगानी गर्नेहरुप्रति सरकारले सकारात्मक ढंगले हेर्ने वातावरण भएमा लगानी थपिने उनको भनाइ छ । सुशासन र भ्रष्टाचारमुक्त भएमा लगानीको वातावरण आफैं बन्ने बताउँदै केही नीतिगत समस्या भने सम्बोधन गर्नुपर्ने बताए । रास्वपाको झण्डै दुई तिहाई बहुमत आएको जनाउँदै उनले संगठित रुपमा अघि बढेमा देशमा समृद्धि आउने बताए ।

आत्मनिर्भर पेशा अंगालेका नेपालका पोल्ट्री व्यवसायी पनि अब बन्ने सरकारबाट आशावादी छन् । रास्वपाका सभापति रवि लामिछाने गृहमन्त्री हुँदा भारतीय अवैध पोल्ट्रीजन्य पदार्थ रोकिएसँगै लाभान्वित बनेका यहाँका किसानहरु अब बन्ने सरकारबाट आशावादी रहेको बताउँछन् ।

नेपाल लेयर्स कुखुरा पालक संघका केन्द्रीय अध्यक्ष विनोद पोखरेल स्थिर सरकार बनेसँगै निजी क्षेत्र लाभान्वित हुने बताउँछन् । अवैध आयात नरोकिँदा व्यवसायी धरापमा परेको भन्दै उनले सरकारका गृहमन्त्रीलाई समस्या भन्न नपाउँदै परिवर्तन हुने कारणले विगतमा समस्या झेल्दै आएको बताए । आफूले लगानी गरेको मूल्य समेत नपाउँदा धेरै किसान विस्थापित भएको भन्दै उनले अबका दिनमा यस्ता समस्या हटेर जानेमा विश्वास व्यक्त गरे ।

---


## भुमिसुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको मोही जग्गा बाँडफाँड हकदाबी सम्बन्धी २१ दिने सार्बजनिक सूचना

उप्रान्त, जिल्ला रुपन्देही मायादेवी गा.पा वडा नं. ४ बस्ने साबिक जग्गाधनी सहदेव अहिरको नाउमा दर्ता भएको जिल्ला रुपन्देही साबिक सेमरी गा.बि.स वडा नं. ३क कि.नं. ५९ ज.वि. ०-५-०, कि.नं. १७९ ज.वि. ०-१६-५ र ऐ.ऐ ज.ध कमलावती अहिरको नाउमा साविक सेमरी गा.वि.स वडा नं. ३क कि.नं. ६१४ ज.वि. ०-१-५, कि.नं. ६१५ ज.वि. ०-१-५, समेतको कित्ता जग्गाको मोही महलमा जिल्ला रुपन्देही कोटहीमाई वडा नं. ६ बस्ने रामविलास अहिर मोही भई श्रेस्ता पुर्जा कायम भएको र उक्त जग्गाहरु रामविलास अहिरले हालसम्म निरन्तर रुपमा जोतभोग समेत गरिरहेकोले नरम करम मिलाई मोही बाडफाड गरी जग्गा धनी श्रेस्ता पुर्जा पाउ भनि मिति २०८२।१०।१४ मा यस कार्यालयमा निवेदन प्राप्त भएकोमा निवेदकको माग निवेदन अनुसार मोही बाडफाड गर्दा कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा मोही बाडफाड गर्न नमिल्ने भए स-प्रमाण सहित आफै वा वारेस मार्फत यो सुचना प्रकाशन भएको बाटोको म्याद बाहेक २१ दिनभित्र हकदावीको लागि आउनु होला अन्यथा सो म्याद नाघेमा कानुन बमोजिम भईजाने व्यहोरा अनुरोध छ ।

---

## स्वास्थ्य परामर्श तथा उपचार

071-538893
9847352127




पायल्स, फिसर, फिस्टुलाको क्षारशूत्र विधिबाट सफल उपचार



डा. हेमन्त बन्जाडे
आयुर्वेद चिकित्सक
फो. नं. 9867845678

हाम्रा सेवाहरू
- यौन चाहाना नहुने, उत्तेजना नहुने
- सिध्र स्खलन हुने
- ग्यास्ट्राइटिस, अलसर, IBS तथा पेट सम्बन्धी रोगहरू
- जोर्नि दुखाई, बाथ, युरिक एसिड बढेको
- पथ्थरी, प्रोस्टेट सुन्निएको रोग
- चाया, पोतो, दाज तथा छाला रोग
- सुगर, प्रेसर, थाइरोइड रोगको उपचार

दैनिक रुपमा चिकित्सकद्वारा स्वास्थ्य सम्बन्धि परामर्श र सम्पुर्ण रोगको सफल उपचार गरिन्छ ।

माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराहा, बुटवल
ॐ मिष्ठान्नको माथिल्लो तल्ला

---

## सन्धिखर्क नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/१२/०१

यस कार्यालयबाट देहाय बमोजिमको निर्माण कार्यको लागि मिति २०८२/९/१८ गते मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद पोर्टल www.bolpatra.gov.np/egp मार्फत दाखिला भएका बोलपत्रसाथ संलग्न प्राविधिक प्रस्तावहरू मिति २०८२।१०।२२ गते खोलिएकोमा नियमानुसार मूल्याङ्कन गर्दा देहाय बमोजिमका बोलपत्रदाताहरूले पेस गरेको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज को उपनियम (५) बमोजिम निम्न मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्वन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

आयोजनाको नाम: NCB/SM/R/P/22/2082/083 फुद्वाङ-डिही-किटेनी-खाँचीमैदान-खाँचीखोला देउराली सडक स्तरोन्नति

| सि.न. | प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल बोलपत्रदाताहरू |
|---|---|
| १ | श्री श्रीकृष्ण निर्माण सेवा सनपा-१२, अर्घाखाँची । |
| २ | श्री क्षितिज-धर्मराज-हाम्जा जे.भी., सन्धिखर्क १ अर्घाखाँची । |
| ३ | श्री पौडेल कन्स्ट्रक्सन सनपा-१, अर्घाखाँची । |
| ४ | श्री वि.वि.ए.-घोचु जे. भी. अर्घाखाँची । |
| ५ | श्री यूनिक-मन्जिता जे.भी., सन्धिखर्क १ अर्घाखाँची । |
| ६ | श्री कमल निर्माण सेवा सनपा-१, अर्घाखाँची । |

आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान
मितिः- मिति २०८२।१२।०८ गते,
समयः- विहान ११:०० वजे ।
स्थानः- सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सन्धिखर्क, अर्घाखाँची ।

---

## Badigad Rural Municipality
Gwalichaur, Baglung, Gandaki Province

### Invitation for Bids

**Date of publication: 15-03-2026 AD. /2082/12/01 B.S**

1. Badigad Rural Municipality, Baglung invites electronic bids from eligible bidders for the construction of following Works under National Competitive Bidding Procedures.

| S. N | Contract No./ ID | Name of Contract | Bid Document Fee (NRs.) | Bid Security (NRs) | Estimated Amount (NRs) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/RW/ 07/2082/83 | Updrading of Road from Simalchaur-Puranogau-Forsa-Bhedikhor | 3000/- | 140000/- (120 days) | 5058194.76 (Including VAT & PS) | 90 days |
| Deadline for Bid Submission : 15/04/2026 till 12.00 hrs | | | | | | |

| | |
|---|---|
| Date/Time/Place of Bid Opening | 15/04/2026 till 13.00 hrs, at Badigad Rural Municipality, Gwalichaur |
| Account No. for Bid documents purchase | Name of Bank: Prabhu Bank Ltd.<br>Name of Office : Badigad Rural Municipality, Gwalichaur<br>Account Number : - 1420115804700071 ( Rajaswa Khata) |
| Account No. for Bid security deposit | Name of Bank: Prabhu Bank Ltd.<br>Name of Office : Badigad Rural Municipality, Gwalichaur<br>Account Number : - 1420115804700041 ( Dharauti Khata) |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Badigad Rural Municipality, Baglung or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remin the same as specified for the original last date of bid submission.
4. The office reserves the right to accept or reject any or all bids without assigning reasons, whatsoever.

**Chief Administrative Officer**

---

## Omsatiya Rural Municipality
Office of the Rural Municipal Executive
Hatifarsatikar-3, Rupandehi, Lumbini Province, Nepal

### Invitation for Bids

Date of publication: 2082/12/01

Omsatiya Rural Municipality invites E-bids for the construction of following works under NCB Procedure. All other information and Bid document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid as per instruction within the mentioned period in Bid Documents.

| S. N | Contract ID | Work Description | Estimated Amount (including VAT )Nrs. | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) | Date of bid submission |
|---|---|---|---|---|---|---|
| 1 | NCB/ORM/ GOODS/AG- 02/2082-83 | "Procurement and Supply of water pump, motor and other agro machinary" Omsatiya RM-Rupandehi. | 91,99,359.00 | 2,50,000 | 3000 | Last date of bid submission (2083/01/02, 12:00 Noon) Opening date: 2083/01/02 at 1:00 pm |

**Chief Administrative Officer**

---

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल चैत महिना १ गते आइतबार)

यस विकास बैंकको शाखा कार्यालय रामापुर कोलोनीबाट तपशिलमा उल्लेखित ऋणीले व्यापार अधिबिकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **बिष्ट फर्निचर उद्योग** प्रोप्राइटरको नाम : रमेश विष्ट दर्ता नं. : १८३१४/०७५/७६
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०७५/११/१५
उद्योगको ठेगाना : रुपन्देही जिल्ला देवदह न.पा. वडा नं. १२ स्थायी लेखा नं. : ३०५६४२८७५

**प्रोप्राइटरको विवरण**

भेग बहादुर विष्टको नाति तेज बहादुर विष्टको छोरा रुपन्देही जिल्ला केरवानी वडा नं. ५ हाल, देवदह न.पा वडा नं. ३ बस्ने **रमेश विष्ट** (ना.प्र नं. : ३७३००२/९१२ जारी मिति र जिल्ला : २०६३/१०/२२, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

धर्मराज बस्यालको छोरी तेज बहादुर विष्टको बुहारी रमेश विष्टको पत्नी रुपन्देही जिल्ला केरवानी वडा नं. ५ हाल, देवदह न.पा. वडा नं. ३ बस्ने **तुलसा विष्ट** (ना.प्र नं. : ३७१००२/२४२१० जारी मिति र जिल्ला : २०६५/०१/२६, रुपन्देही)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०७९ साल फाल्गुन महिना ३ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८२ साल असार महिना १० गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने
३) मिति २०८२ साल पुष महिना १३ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| रमेश विष्ट | रुपन्देही जिल्ला सिक्टहन वडा नं. ६ | ६ग | ८०० | ०-४-०-० |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२ साल चैत ७ गते शनिबार भित्र यस बैकको शाखा कार्यालय रामापुर कोलोनी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२ साल चैत ८ गते आइतबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय रामापुर कोलोनीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

---

Government of Nepal
Ministry of Home Affairs
## Area Police Office
Butwal, Rupandehi

### Invitation for Sealed Quotation

**Date of First Publication: 2082/12/01**

Area Police Office, Butwal, Rupandehi invites sealed Quotation (hard copy) from registered, eligible and interested bidders for the following work. For more detail bidders may contact at concerned office.

| Contract Identification Number | Description of Works | Cost of Bidding Document | Last date and time of Purchase of bid document | Last date of bid submission, opening time and place | Bid Security | Account Details | Estimate Amount NRS. |
|---|---|---|---|---|---|---|---|
| APOB/ CCWSF/ 2082-083/ SQ/01 | Construction of Compound Wall and Soil Filling Works | NRS. 1000.00 | 2082-12-15 till 1700 Hrs. At concerned office | 2082-12-16 till 1200 Hrs. and 1300 Hrs. respectively at concerned office | NRS. 37,500.00 | Account Name: Rajaswa Khata: 0100201277009016 Rajaswa Shirshak no. 14229 Bank Name: Krishi Bikash Bank Limited, Bhairahawa, Rupandehi office code : 314044802 office name : Area Police Office, Butwal, Rupandehi Cash Deposit for bid security: Dharauti Khata: 0414301014253027 | Nrs. 14,47,763.31 (with VAT and without Contingency |